


# दण्डहीनताको निरन्तरता

तारानाथ दाहाल
धर्मेन्द्र झा
नारायण घिमिरे
अस्मिता पोखरेल

FREEDOM FORUM

# दण्डहीनताको निरन्तरता

नेपालमा वि.सं. २०५२ देखि हालसम्म हत्या भएका र बेपत्ता पारिएका पत्रकार/सञ्चारकर्मीको कानुनी उपचारको अवस्था बारे फ्रिडम फोरमले तयार गरेको अध्ययन प्रतिवेदन


तारानाथ दाहाल

धर्मेन्द्र झा

नारायण घिमिरे

अस्मिता पोखरेल


FREEDOM FORUM

This work is licensed under a Creative Commons Attribution 4.0 International License.

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्स: २४२९२
फोन: ४१०२०३०/४१०२०२२
इमेल: info@freedomforum.org.np
www.freedomforum.org.np

चैत्र, २०७५

साजसज्जा तथा मुद्रण: स्पन्दन डिजाइन कम्युनिकेशन, फोन: ५५३५८८४

# पृष्ठभूमि :

पत्रकारितालाई लोकतन्त्रको अभिन्न अंग मानिन्छ । यसलाई लोकतन्त्रको पहरेदारका रूपमा पनि स्वीकार गरिन्छ । प्रेस आमजनतालाई सुसूचित गर्ने माध्यम हो । जुन देशमा प्रेस सुरक्षित र स्वतन्त्र हुन्छ त्यहाँका जनताले निर्वाध सूचना प्राप्त गर्न सक्दछन् । जनतालाई सुसूचित गर्ने र लोकतन्त्रलाई जनताको घर दैलोसम्म पुऱ्याउने विषय स्वतन्त्र र निर्भिक प्रेसको उपस्थितिमा मात्र सम्भव छ । यसका लागि निर्वाधरूपमा आफ्नो भूमिका निर्वाह गर्न प्रेसलाई सुरक्षित वातावरणको प्रत्याभूति आवश्यक हुन्छ । असुरक्षित परिवेशमा प्रेसले आफ्नो स्वतन्त्र व्यवसायिक भूमिका निर्वाह गर्न सक्दैन । त्यसको प्रभाव प्रत्यक्षतः प्रेसकर्मीलाई परेकोजस्तो देखिए पनि समग्र लोकतन्त्र नै यसबाट प्रभावित हुन पुग्दछ ।

तथ्यहरूका आधारमा विश्लेषण गर्ने हो भने नेपालमा पछिल्ला दशकहरू प्रेसका लागि असुरक्षित रहे । असुरक्षित प्रेसले राज्यप्रतिको खबरदारीको भूमिका निर्वाह गर्न सकेको छैन । नेपालमा पछिल्ला वर्षहरूमा प्रेस स्वतन्त्रता उल्लङ्घनका हजारौँ घटना भएका छन् । पत्रकार/सञ्चारकर्मी मारिएका छन् । थुप्रै पत्रकार/सञ्चारकर्मी घाइते भएका छन् । तर यी घटनाहरू कानुनको दायरामा कमै मात्र आएका छन् । यो दण्डहीनताको अवस्था हो । दण्डहीनताको अर्थ अपराधीले सजाय नपाउनु हो । नेपालमा द्वन्द्वोत्तरकालमा समेत दण्डहीनता कायम रहनुले राज्यका निकायप्रतिको जनविश्वास कम हुँदै गएको प्रमाणित हुन्छ । यस्तोमा द्वन्द्वकालीन समयमा हत्या गरिएका तथा बेपत्ता पारिएका घटनाको तत्काल छानविन गरिनु आवश्यक छ । यसबाट जहाँ एकातिर आगामी दिनमा यस्ता अपराधका घटनामा कमी आउने विश्वास गर्न सकिन्छ भने अर्कोतिर पीडितले न्यायको अनुभूत गर्ने अवस्थाको सिर्जना हुन्छ । तर दुर्भाग्य, राज्य यसप्रति संवेदनशील देखिँदैन । पत्रकार/सञ्चारकर्मीविरुद्धका अपराधलाई अनिवार्यरूपमा दण्डनीय बनाउन राजनीतिक तहमा इच्छाशक्तिको नितान्त अभाव देखिन्छ ।

अर्को समस्या के छ भने, धेरैजसो अवस्थामा पीडित पत्रकार/सञ्चारकर्मीका परिवारको न्याय प्रक्रियामा पहुँच नै नभएका कारण पनि घटनाको न्यायिक निरूपण हुन सकिरहेको छैन । यस्ता घटनाको अनुसन्धान नै नहुँदा दोषीले उन्मुक्ति पाइरहने र प्रेसले सन्त्रस्त अवस्थामा काम गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना हुन पुगेको छ । युनेस्कोका सूचना तथा सञ्चार उपमहानिर्देशक फ्रयाङ्क ला रुका अनुसार, **"हरेक पटक जब पत्रकार/सञ्चारकर्मीमाथि आक्रमण हुन्छ, धम्की दिइन्छ, उसको हत्या गरिन्छ या दुर्व्यवहार गरिन्छ र त्यस्ता घटनाको अनुसन्धान हुँदैन भने त्यो थप हिंसाका लागि निमन्त्रणा हो ।"** पीडित पत्रकार/सञ्चारकर्मीमाथि न्याय नहुँदा त्यसले पीडकलाई यस प्रकारका घटना घटाइ राख्नका लागि बल प्रदान गर्छ ।

नेपालमा संवैधानिक र कानुनीरूपमा प्रेस स्वतन्त्रताको प्रत्याभूत गरिएको भएतापनि व्यवहारमा थुप्रै चुनौतीहरू विद्यमान छन् । प्रेस स्वतन्त्रता ज्यादै नै जोखिममा भएका देशहरूको सूचिमा नेपाल पर्दछ । विगतमा हत्या गरिएका र बेपत्ताा पारिएका पत्रकार/सञ्चारकर्मीको घटनाको अनुसन्धान नहुँदा दण्डहीनता बढेको छ । मारिएका पत्रकार/सञ्चारकर्मीका मुद्दाका बारेमा जवाफ दिन सरकारलाई आह्वान गर्न न्याय प्रणालीलाई उत्प्रेरित गरिनु जरुरी छ । पत्रकार/सञ्चारकर्मीमाथिको आक्रमणसँग सम्बन्धित दण्डहीनतालाई निर्मूल पार्नु स्वतन्त्र अभिव्यक्ति, मानव अधिकार र सूचनामा सार्वजनिक पहुँचका लागि अत्यावश्यक हुन्छ ।

हत्या गरिएका र बेपत्ता पारिएका पत्रकार/सञ्चारकर्मीका परिवारलाई न्याय दिलाउन र पीडकलाई कारबाहीको दायरामा ल्याउन सत्यतथ्य अन्वेषण गरी राज्यलाई सहयोग पुऱ्याउने दायित्व जनसामान्यको पनि हो । हामीले विगतदेखि वर्तमानसम्म (खासमा २०५२ सालमा माओवादी सशस्त्र द्वन्द्व सुरु भएपछि) हत्या गरिएका र बेपत्ता भएका पत्रकार/सञ्चारकर्मीको कानुनी उपचारको वर्तमान अवस्थाको खोजीनीति गर्ने प्रयास गरेका छौँ । यस अध्ययनमा २०५२ सालदेखि हालसम्म हत्या भएका २३ जना र बेपत्ता पारिएका पाँच जना गरी २८ जना पत्रकार/सञ्चारकर्मीको अध्ययन समावेश गरिएको छ ।

## उद्देश्य :

निम्न मुख्य उद्देश्यप्राप्तिका लागि यो अध्ययन गरिएको हो ।

**क) पत्रकारिताका लागि सुरक्षित वातावरणको प्रत्याभूतिका निम्ति राजनीतिक क्षेत्र र सरकारमाथि दबाब सिर्जना गर्न ।**

**ख) दण्डहीनता अन्त्यका लागि आवश्यक वातावरण निर्माण गर्न ।**

**ग) व्यवसायिक पत्रकारिताको प्रवर्द्धनमा सहयोग पुऱ्याउन ।**

**घ) पीडित परिवारलाई न्यायको प्रत्याभूति दिलाउन ।**

## समयावधि :

यस अध्ययनमा तात्कालीन नेकपा (माओवादी)ले प्रारम्भ गरेको सशस्त्र द्वन्द्व (२०५२) देखि हालसम्म विभिन्न पक्षबाट हत्या गरिएका र बेपत्ता भएका पत्रकारसँग सम्बन्धित घटना विवरण समेटिएको छ ।

## अध्ययनको आधार र विधि :

यस अध्ययनका क्रममा फ्रिडम फोरम र अन्य विभिन्न संस्था (जस्तै नेपाल पत्रकार महासंघ)ले गरेका मिडिया अनुगमन प्रतिवेदन, अध्ययन, अभिलेख आदिको अध्ययन गरिएको छ । यस्तै यस विषयसँग सम्बन्धित, विभिन्न पुस्तकलगायतका अध्ययन सामग्रीलाई पनि आधार बनाइएको छ ।

घटनाहरूको छानविन प्रतिवेदनहरूलाई पनि समेट्ने प्रयत्न गरिएको छ। यस्तै सम्भव भएसम्मका ठाउँको स्थलगत भ्रमण पनि गरिएको छ। केही पीडितका परिवारसँग पनि कुराकानी गरिएको छ। स्थानीय अदालत, प्रहरी, सरकारी वकिलको कार्यालय र पत्रकारहरूसँग बुझेर तथ्य पत्ता लगाउने प्रयास गरिएको छ । यस्तै सत्य निरूपाण तथा मेलालाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र राष्ट्रिय मानव अधिकार आयोगसँग पनि यसबारे बुझिएको छ।

## सीमितता :

यस अध्ययनका केही सीमितता छन्।

क) अध्ययन गर्दै जाँदा प्राप्त भएका सबै नामलाई यसमा समेट्न सकिएको छैन । यहाँ उल्लेख नभएका नामका हकमा उहाँहरू पत्रकार/सञ्चारकमी होइन भन्ने हाम्रो ठम्याइ होइन । तर, उहाँहरूका बारेमा थप अनुसन्धान र प्रमाणहरू आवश्यक देखिएको छ।

ख) यस अध्ययनमा समेटिएका सबै पत्रकार/सञ्चारकर्मीको सन्दर्भमा स्थलगत भ्रमण सम्भव हुन सकेको छैन।

ग) सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानविन आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट अनौपचारिकरूपमा उपलब्ध जानकारी यस अध्ययनमा समेटिए पनि ती आयोगबाट कतिपय सन्दर्भमा औपचारिक धारणा प्राप्त हुन सकेका छैनन ।

घ) अनुसन्धानसँग सम्बन्धित कतिपय निकायले कतिपय सन्दर्भमा घटना पुरानो भएको, फाइल अव्यवस्थित भएको भन्दै जानकारी उपलब्ध गराउन असमर्थता व्यक्त गरे भने कतिपय सन्दर्भमा गोप्यताका नाममा जानकारी दिन अस्वीकार गरे। त्यस्तै कतिपय निकायले सबै घटना अब सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोगले अनुसन्धान गर्छ भन्दै पन्छिने कार्य पनि गरे।

## निष्कर्ष

**यस अध्ययनका क्रममा २०५२ देखि हालसम्मको अवधिमा हत्याको सूचीमा समेटिएका २३ जना पत्रकार/सञ्चारकर्मीमध्ये डेकेन्द्र थापा, गोपाल गिरी, कृष्ण सेन, ईश्वर बुढाथोकी, कुमार घिमिरे, डि कौडिन्न्य, राजकुमार केसी, कमल एसी, महेश्वर पहारी, खगेन्द्र श्रेष्ठ, अम्बिका तिम्सिना, नवराज शर्मा 'वसन्त' र ज्ञानेन्द्र खड्का गरी १३ जना २०६३ मङ्सिर ५ अर्थात विस्तृत शान्ति सम्झौताभन्दा पहिले (माओवादी सशस्त्र द्वन्द्वकाल) मारिएका हुन् भने उमा सिंह, वीरेन्द्र साह, जमिम शाह, अरूण सिंघानिया, जेपी जोशी, रोहन चौधरी, देवीप्रसाद धिताल, पुष्करबहादुर श्रेष्ठ र गणेश चौधरी गरी दशजनाको हत्या शान्ति सम्झौतापछि विभिन्न आन्दोलनका क्रममा तथा**

संक्रमणकालिन तरल राजनीतिक परिवेशमा भएको हो । यस आधारमा द्वन्द्वोत्तरकालमा पनि पत्रकार/सञ्चारकर्मी मारिने र दोषीले उन्मुक्ति पाइरहने कार्यबाट दण्डहिनताले निरन्तरता पाइरहेको देख्न सकिन्छ ।

नोट :

१) कतिपय संस्थाले यस अवधीमा हत्या र बेपत्ताको सूचीमा अझ धेरै नामहरू समावेश गरेका छन् । तर कतिपय नाममा समाविष्ट व्यक्तिहरूको पत्रकारको पहिचान तथा अपराध विवरणबारे थप अनुसन्धानको आवश्यकता छ ।

२) नेपाल पत्रकार महासंघले आफ्नो अभिलेखमा रहेको हत्या भएको र बेपत्ता पारिएका सबै पत्रकार/सञ्चारकर्मीसँग सम्बन्धित घटनाको छानविनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग (दर्ता नं २६४४) र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (दर्ता नं १९१०, १९१२ र १९१३) मा सामूहिकरूपमा उजुरी दर्ता गरेको छ ।

३) कतिपय मुद्धाहरुलाई पीडित परिवार आफैले पनि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा दर्ता गरेका छन् ।

४) यस मध्ये दुई मुद्धा मधेश आन्दोलनको छानबिन गर्न गठित आयोगमा दर्ता भई अनुसन्धान भैसकेको छ । तर रिर्पोट सार्वजनिक भएको छैन ।

५) हालपनि जोखिमयुक्त कार्यस्थलमा खट्दा बेपत्ता भएका पत्रकारहरुको अवस्था पत्ता लगाउने खास प्रयास सरकारबाट भएको छैन ।

# हत्या भएका पत्रकार/सञ्चारकर्मीहरूको कानुनी उपचारको अवस्था

## १) मुद्दा अदालतमा पुगेको :

यस अध्ययनमा समेटिएका २३ जना हत्या भएका र पाँचजना बेपत्ता भएका पत्रकार/सञ्चारकर्मीमध्ये हत्यासँग सम्बन्धित आठवटा र बेपत्ता भएका एकजनाको मुद्दा अदालत पुगेको पाइएको छ । यसमध्ये हत्यासँग सम्बन्धित पाँचवटा मुद्दामा स्थानीय अदालतहरूले फैसला गरिसकेका छन् । दुईवटा मुद्दा स्थानीय अदालतमा अझै विचाराधीन छन् । एउटा मुद्दा सरकारले फिर्ता लिएको छ । त्यस्तै विगतमा अदालतमा विचाराधिन रहेको बेपत्तासम्बन्धी एक मुद्दा सरकारले फिर्ता लिए पनि पछि सरोकारवालहरूको दबाबमा पुनः अदालतसम्म पुगेको थियो । यहाँ यी सबै मुद्दाको अवस्थालाई छुट्टाछुट्टै शीर्षकमा प्रस्तुत् गरिएको छ ।

## स्थानीय अदालतले फैसला गरिसकेका घटनाहरू

### १) डेकेन्द्रराज थापा, दैलेख



रेडियो नेपालका पत्रकार थापाको २७ साउन २०६१ मा हत्या भएको थियो । हत्या हुनुभन्दा दुई महिना पहिले तात्कालीन नेकपा माओवादीका कार्यकर्ताद्वारा उनको अपहरण भएको थियो । माओवादीले दैलेख सदरमुकाममा बन्द गरिदिएको पानीको पाइप पुनः सञ्चालन गर्न स्थानीय केही व्यक्तिलाई लिई मओवादीसँग वार्ता गर्न गएका थापालाई अपहरण गरी बन्दी बनाइयो र बाँकीलाई केही दिनपछि फर्काइयो । उनलाई निर्मम यातना दिइएको र जिउँदै गाडिएको थियो । चार वर्षपछि २०६५ मा शव उत्खनन् गरी अन्तिम संस्कार गरिएको थियो ।

थापाकी पत्नी लक्ष्मी थापाले २०६५ भदौ १२ गते जिल्ला प्रहरी कार्यालय दैलेखामा किटानी जाहेरी दिएकी थिइन् । तर जिल्ला प्रहरीले अनुसन्धान सुरु नगरेपछि २०६८ मंसिर २७ गते पुनरावेदन अदालत सुर्खेतमा जिल्ला प्रहरी र सरकारी वकिल कार्यालयविरुद्ध रिट दर्ता गराइएको थियो । यसपछि प्रहरीले अनुसन्धान सुरु गऱ्यो र यस क्रममा २०६९ पुस २० गते लक्षीराम पक्राउ परे । उनको बयानका आधारमा पछि अन्य चारजना पक्राउ परे । अनुसन्धानपछि सरकारी वकिल कार्यालयमार्फत २०६९ माघ १४ गते स्थानीय अदालतमा मुद्दा दर्ता गरियो । अदालतलमा मुद्दा दर्ता भएपछि न्यायाधीश रामकृष्ण भट्टको इजलासले २०६९ माघ १९ गते उनीहरूलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । मुद्दामा बहसपछि न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासले २०७१ मंसिर २१ गते दोषीहरूलाई जेल सजायको फैसला सुनायो । फैसलाअनुसार पाँचजनाले जेल सजाय भुक्तान गरे । सजाय भुक्तान गर्ने प्रतिवादीहरूमा जिल्ला दैलेख द्वारी-१ का लक्षीराम घर्ती (एक वर्ष छ महिना), द्वारीका हरिलाल पुन (दुई वर्ष) दैलेख बालुवाटार-९ का निरक घर्तीमगर (दुई वर्ष), बालुवाटार-४ का वीरबहादुर केसी (एक वर्ष) र दैलेख रानीवन- १ का जयबहादुर शाही (दुई वर्ष) थिए । यसैगरी सजाय भुक्तान नगरी दैलेख कट्टी-१ का बमबहादुर खड्का मुक्ति, छिउडीपुसाकोट-१ का बमबहादुर खड्का अरूण, छिउडीपुसाकोटकै अरूण खड्का र द्वारी-१ हाल जिल्ला बाँके कोहलपुर नपा-३ का भक्तिराम लामिछाने फरार छन् ।

जिल्ला अदालतको फैसलाविरुद्ध ०७१ फागुन ६ गते लक्षीराम घर्ती, निरक घर्ती र वीरबहादुर केसी र फागुन १३ गते जयबहादुर शाही र हरिलाल पुनले सुर्खेत पुनरावेदन अदालतमा पुनरावेदन गरेका थिए । पुनरावेदन अदालतले पनि जिल्लाकै फैसलालाई सदर गर्दै २०७२ भदौ ३० गते फैसला गरेको थियो । त्यसैगरी पुनरावेदकले २०७२ माघ ८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरे । पकाउ प्रतिवादीहरुको हकमा पुनरावेदन सुर्खेतकै फैसला सदर भएको छ भने फरार अभियुक्तको हकमा हाल यो मुद्दा मुल्तवीमा रहेकोले नेपाल सरहदमा फेला परेका वखत कारबाही गर्ने आदेश गरेको थियो ।

**अब के गर्ने :**

- फरार चारजना अभियुक्तको खोजी गरी उनीहरूलाई कनुनी दायरामा ल्याउनुपर्छ । र, सजाय भुक्तान गराउन राज्य सक्रिय हुनुपर्छ ।
- सर्वोच्चमा मुल्तवी रहेको मुद्दाको पीडितलाई न्यायको महसुस हुने गरी छिटो टुंगो लगाइनुपर्छ ।

## २) उमा सिंह, (कार्यक्षेत्र धनुषा, घर सिराहा)

जनकपुर टुडे दैनिक र रेडियो टुडे एफ.एम, जनकपुरमा कार्यरत पत्रकार सिंहको २७ पुस २०६५मा जनकपुर पिराडी (थापा) चौकस्थित डेरामा सशस्त्र सहितका व्यक्तिहरु प्रवेश गरी टाउको र शरीरमा धारिलो हतियारले प्रहार गरी हत्या गरेको ।



हत्यापछि २०६५ माघ १२ गते सिरहाको महेशपुर वडा नं. ४ बस्ने उमाकी आमा सुशीला सिंहले धनुषा प्रहरीमा जाहेरी दिएकी थिइन् । उनले सिरहाको महेशपुर वडा नं. ४ पिपरा टोल बस्ने ललिता सिंह (उमाकी भाउजु), रामपुर बिर्ता वडा नं. २ महदेवा बस्ने श्रवणकुमार यादव, धनुषा लक्कड वडा नं. ७ बस्ने नेमलाल पासवान, बल्हासघारा वडा नं. १ बस्ने स्वामीजी यादव नामले चिनिने उमेश यादव, सिरहा महेशपुर वडा नं. १ बस्ने चन्देश्वर साह, थलहा गोतारी वडा नं. ९ बस्ने धनेश्वर साह तेली, सीतापुर वडा नं. ६ बस्ने विन्दु यादव, भारतको सितामढी जिल्ला पटहरिया बस्ने बैजनाथ सिंह, धञ्नजय सिंह, अजय सिंह, सिरहा राजपुर वडा नं. २ बस्ने शुभेश्वर यादव, महोतरी खुट्टा पिपराडी वडा नं. १ बस्ने विमलेश झालाई प्रतिवादी भन्दै कर्तव्य ज्यान मुद्दा दर्ता गराएकी थिइन् ।

सिंहको हत्याको अभियोगमा २०७० सालमा पक्राउ परेको उमेश यादवलाई जिल्ला अदालत धनुषाले २०७२ वैशाखमा जन्मकैदको फैसला सुनाएको छ । ज्यानसम्बन्धी महल १३ (४) अनुसार उनलाई सजाय तोकिएको हो । न्यायाधीश कृष्णबहादुर थापाको एकल इजलासले उमा सिंह हत्याका प्रमुख अभियुक्त यादवलाई जन्मकैदको सजाय सुनाएका हुन् । स्वामीजी भनिने उमेश यादव पक्राउ परेपछि धनुषा प्रहरीले सरकारी वकिलको कार्यालयमार्फत ज्यानसम्बन्धी महलको १३-४ बमोजिम जन्म कैदको सजाय माग गरेको थियो । न्यायाधीश थापाले स्वामीलाई घटनाका प्रमुख योजनाकार ठहर गर्दै मागबमोजिम फैसला सुनाएको हो । हत्यापछि पत्रकार उमा सिंहकी भाउजू ललिता सिंह र नेमलाल पासवानलाई समेत जिल्ला अदालत धनुषाले दोषी ठहर गर्दै यसअघि नै जन्मकैदको सजाय सुनाइसकेको थियो । दुवैजना हाल जलेश्वर कारागारमा छन् । अरू अभियुक्तहरू श्रवण यादव, विमलेश झा र अभिषेक सिंह साधारण तारेखमा रिहा भएपछि सरकारी वकिलको कार्यालयले २०७३ चैत्र २ गते पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गरेको छ भने भारतको सितामढी जिल्ला पटहरिया बस्ने बैजनाथ सिंह, धञ्नजय सिंह र अजय सिंह फरार रहेका छन् । आमा सुशीलालाई राहतस्वरूप रु दश लाख उपलब्ध गराइएको थियो ।

**अब के गर्ने :**

- फरार अभियुक्तको खोजी गरी कनुनी दायरामा ल्याउनुपर्छ र सजाय भुक्तान गराउन राज्य सक्रिय हुनुपर्छ ।
- फरार रहेकाहरु भारतीय नागरिक भएकाले नेपाल सरकारले भारत सरकारको सहयोग लिनेप्रयास गर्नुपर्छ ।
- पुनरावेदन अदालतमा विचाराधिन मुद्दाको छिटो टुंगो लगाइनुपर्छ ।

## ३) वीरेन्द्र साह, बारा



एभिन्युज टेलिभिजन, दृष्टि साप्ताहिक र नेपाल एफ.एममा कार्यरत पत्रकार साहको १८ असोज २०६४ मा तात्कालीन नेकपा माओवादीका कार्यकर्ताद्वारा बारा पिपरबाट अपहरण गरिएको थियो भने सोही वर्षको २२ कात्तिकमा बाराको डुमरवाना गाविसवडा न. ७ टाँगिया वस्तीमा उनको शव भेटिएको थियो ।

परिवार र अनुसन्धानमा संलग्न प्रहरीका अनुसार उनको हत्या माओवादी कार्यकर्ताबाट भएको हो । जिल्ला अदालत बारामा मुद्दा दर्ता भई अदालतले पक्राउ परेका रामएकवाल सहनी र मैनेजर गिरीलाई सर्वस्वसहित जन्मकैदको सजाय तोकेको थियो र यिनले सजाय भुक्तान गरिरहेका छन् । हत्यमा संलग्नहरू हरेराम पटेल, लालबहादुर चौधरी र कुन्दन फौजदार प्रहरीका नजरमा फरार रहेका छन् । अदालतले फरार तीनैजनालाई पक्राउ गर्न आदेश दिएको छ। दोषी ठहर गरिएकाबाट जिल्लाको फैसलाविरुद्ध हेटौंडा पुनरावेदन अदालतमा पुनरावेदन गरिएकोमा तल्लो अदालतको फैसला सदर गरिएको थियो । सर्वोच्च अदालतमा अन्तिम किनाराका लागि मुद्दा विचाराधिन रहेको छ ।

**अब के गर्ने**

- **फरार अभियुक्तको खोजी गरी कनुनी दायरामा ल्याउनुपर्छ र सजाय भुक्तान गराउन राज्य सक्रिय हुनुपर्छ ।**
- **सर्वोच्च अदालतमा विचाराधिन मुद्दाको छिटो टुंगो लगाइनुपर्छ ।**

## ४) यादव पौडेल, झापा



एभिन्युज टेलिभिजन र राजधानी दैनिक काठमाडौँका संवाददाता पौडेल स्थानीय मेची टाइम्सका सम्पादक थिए । उनको २१ चैत २०६८ मा बिर्तामोडमा हत्या भएको थियो । कुटपिटपछि स्थानीय एक होटलको छतबाट धकेल्दा घटनास्थलमै पौडेलको मृत्यु भएको थियो ।

झापा जिल्ला अदालतमा मुद्दा दर्ता भई अदालतले फैसला गरिसकेको छ । जिल्ला अदालतले दोषीमध्येको युवराज गिरीलाई सर्वस्वसहित जन्मकैंद र मदन राईलाई छ महिनाको कैद सजाय तोक्यो भने मञ्जु ढकाल (कार्की) लाई तीन वर्ष र सोमनाथ ढकाललाई एक वर्ष कैदको सजाय तोकेको थियो । जिल्ला अदालतको फैसलाविरुद्ध

पुनरावेदन अदालत इलाममा परेको मुद्दामा युवराज र मदनको सजायलाई सदर गरिए पनि मञ्जु र सोमनाथ ढकालका हकमा तल्लो अदालतको फैसला उल्ट्याई दुवैलाई सर्वस्वसहित जन्मकैदको फैसला तोकेको छ । हाल मदन र सोमनाथ फरार छन् । मञ्जु र युवराज कैद भुक्तान गरिरहेका छन् । चारैजनाले सर्वोच्च अदालतमा गरेको पुनरावेदन विचाराधीन छ ।

**अब के गर्ने :**

- **फरार अभियुक्तको खोजी गरी कनुनी दायरामा ल्याउनुपर्छ र सजाय भुक्तान गराउन राज्य सक्रिय हुनुपर्छ ।**
- **सर्वोच्चमा विचाराधिन मुद्दाको छिटो टुंगो लगाइनुपर्छ ।**

## ५) जगतप्रसाद (जेपी) जोशी, अतरिया, कैलाली



जोशी, जेपी जोशी र पण्डित नामले पनि चिनिन्थे । जनादेश साप्ताहिक र जनदिशा दैनिकसँग सम्बद्ध पत्रकार जोशीको हत्या भएको हुनसक्ने र हत्या माओवादीको स्थानीय आन्तरिक कलहसम्बन्धी समाचार प्रकाशन गरेका कारण भएको हुन सक्ने प्रारम्भिक अनुसन्धानमा पाइएको छ। २०६५ साल असोज २२ गतेदेखि जोशी बेपत्ता भएका थिए । २०६५ मंसिर १३ गते भेटिएको थियो । अत्तरिया बजारबाट दिउसै बेपत्ता भएका पत्रकार जोशीको घर नजिकैको सामुदायिक वनमा हड्डी, कंकाल तथा परिचयपत्र फेला परेको थियो । यस आधारमा उक्त कंकाल र हड्डी जोशीकै शवको भएको दाबी गरिए पनि पछि डिएनए परीक्षणको रिपोर्ट फरक पाइएपछि यो घटना रहस्यपूर्ण बनेको छ ।

जोशीकी पत्नी वसन्ती जोशीले घटनालगत्तै स्थानीय प्रहरीमा दुईजनविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले अनुसन्धान गरेको थियो । घटनामा आरोपित दुवैजनाले सफाई पाएका छन् । प्रतिवादीका तर्फबाट बहस गरेका अधिवक्ता वीरबहादुर जेठाराका अनुसार हत्याका आरोपित लोकेन्द्र रावत र उनका भाई करन रावत दुवैले जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतबाट सफाई पाएका छन् । दुवैजना पत्रकार जोशीका छिमेकी हुन् । जोशीका परिवारजनले हत्यामा उनीहरू संलग्न भएको आरोप लगाएका थिए ।

जोशीको हत्याको आरोपमा पक्राउ परेका उनीहरू दुवैजना करिब दुई वर्ष कैलाली कारागारमा थुनिएका थिए । दुई वर्षपछि जमानतमा कारागारमुक्त भएका दुवैजनाले त्यसको केही समयपछि जिल्ला अदालतबाट सफाई पाएका थिए । अधिवक्ता जेठाराका अनुसार त्यसलगत्तै उनीहरूविरुद्ध पुनरावेदनमा दायर गरिएको मुद्दामा पनि दुवैजनाले सफाई पाएका थिए । अन्तिममा सर्वोच्च अदालतमा दायर गरिएको मुद्दामा पनि उनीहरूले दुई वर्षअघि सफाई पाएका हुन् ।

बलियो प्रमाणको अभाव, बयान दिने व्यक्तिहरूको अभाव र बयान दिएका व्यक्तिहरूले व्यक्त गरेका आरोपकै आधारमा हत्यामा संलग्न भएको पुष्टि हुने आधारहरू नभएको भन्दै अदालतले उनीहरू दुवैजनालाई सफाई दिएको थियो र स्वर्गीय जोशीको भनिएको हड्डी तथा कंकाल पनि डिएनए परीक्षणबाट उनको हो भन्ने पुष्टि नभएका कारण पनि जोशीको हत्या नै भएको आधार पनि फेला नपरेको भन्दै सोही आरोपमा कारागारमा रहेका लोकेन्द्र र करनले उन्मुक्ति पाएका हुन् । अदालतले घटनाको थप अनुसन्धानको आदेश दिएको छ ।

यस घटनाको छानविन गर्न सरकारले जाँचबुझ ऐन २०२८ अनुसार अधिवक्ता उमेश गौतमको संयोजकत्वमा जाँचबुझ समिति गठन गरेको थियो । समितिले जोशीको हत्या भएको स्वीकार गरे पनि हत्यारका सम्बन्धमा भने केही बोलेको छैन । २०६६ मा यो समितिले अध्ययन् प्रतिवेदन सरकारलाई बुझाए पनि हालसम्म औपचारिकरूपमा सार्वजनिक गरिएको छैन । तर जोशीका परिवारलाई सरकारबाट घटनाको एक वर्ष पछाडि राहतस्वरूप रु दश लाख उपलब्ध गराइएको थियो । महान्यायाधिवक्ताको कार्यालयद्धरा जारी सूचना अनुसार यो मुद्धामा थप प्रमाण संकलित नभएसम्म मुद्धा नचल्ने भनिएको छ ।

अब के गर्ने :

- प्रहरीले घटनाको थप प्रभावकारी अनुसन्धान प्रक्रिया अगाडि बढाई जोशीको अवस्थाबारे खोजी गर्नुपर्छ ।
- डिएनए परीक्षणका आधारमा उपलब्ध कंकाल र हड्डी कसको हो भन्ने यकिन गरी अदालतमा पुनः मुद्दा चलाइनुपर्छ ।
- जाँचबुझ समितिको प्रतिवेदन सार्वजनिक गरिनुपर्छ ।

## ख) स्थानीय अदालतमा विचाराधीन रहेका घटनाहरू



### १) जमिम शाह, काठमाडौँ

च्यानल नेपाल टेलिभिजन र स्पेस टाइम नेटवर्कका अध्यक्ष जमिममाथि २६ माघ २०६६ मा लाजिम्पाट काठमाडौँमा मास्क लगाएका अज्ञात बन्दुकधारीद्वारा दिउँसै आफ्नै गाडीमा गोली प्रहार गरिएको थियो । उनको उपचारका क्रममा अस्पतालमा मृत्यु भयो ।

प्रहरीको अनुसन्धानअनुसार प्रहरी नायब उपरीक्षक जगदिशचन्द र भारतीय अपराधी (गैंगस्टर) वब्लु श्रीवास्तवमको संलग्नता रहेको भन्ने आधारमा सरकारी वकिलको कार्यालयमार्फत काठमाडौं जिल्ला अदालतमा अनुसन्धानका लागि मुद्दाको जानकारी दर्ता भए पनि हालसम्म अनुसन्धान पुरा गरी प्रहरी र सरकारी वकिलको कार्यालयले मुद्दा पेश गरिसकेको छैन । जमिम शाहको हत्या सम्बन्धमा

सरकारले एक छानविन समिति पनि गठन गरेको थियो जसको प्रतिवेदन सार्वजनिक भएको छैन । यस मुद्धामा २०७२ असार १३ गते अभियुक्त प्रहरी नायव उपरीक्षक जगदिशचन्दलाई काठमाडौं जिल्ला अदालतमा पेश गरिएको थियो । उनी पुर्पक्षकोलागि थुनामा छन्। अरु संभावित अभियुत्तको खोजी तथा अनुसन्धान हुनसकेको छैन।

अब के गर्ने :

- वाँकीअभियुक्तको खोजी गरी कनुनी दायरामा ल्याउनुपर्छ ।
- अनुसन्धान प्रक्रिया तीव्र बनाई मुद्दा अगाडि बढाइनुपर्छ ।
- छानविन प्रतिवेदन सार्वजनिक गरिनुपर्छ ।

## २) अरूण सिंघानिया, जनकपुर, धनुषा



जनकपुर टुडे सञ्चार समूहका अध्यक्ष अरूणको १७ फागुन २०६६ फागुपूर्णिमाका दिन स्थानीय एक व्यापारीको घरमा आयोजित एक धार्मिक कार्यक्रममा सहभागी भई फर्कँदै गरेका बेला स्थानीय शिवचोकमा टाउकोमा गोली प्रहार गरी हत्या गरिएको थियो ।

२०६६ फागुन १७ गते होली पर्वको दिन जनकपुरको शिव चोकमा गोली हानी सिंघानियाको हत्या गरिएको करिब पाँच वर्षपछि उनका छोरा राहुल सिंघानियाले २०७१ साल वैशाख १६ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दर्ता गराएका थिए । उनले धनुषा भरतपुर वडा नं. ८ राधापुर निवासी चन्द्रदीप यादव, वडा नं. १ बस्ने विजय कुशियैत, दिपेन्द्र कुशियैत, कनकपटटी वडा नं. १ बस्ने रामविनोद यादव, भरतपुर वडा नं. ८ बस्ने पवन लामा, उमाप्रेमपुर वडा नं. २ बस्ने मनक लामा, यज्ञभूमि वडा नं. ५ बस्ने योगेन्द्र सहनी, भरतपुर वडा नं. ९ बस्ने अंशी राईनलगायत नाम नखुलेको अन्य चारजनाविरुद्ध उजुरी दर्ता गराएका थिए ।

प्रहरीले अनुसन्धानपछि सरकारी वकिल कार्यालय धनुषामार्फत धनुषा जिल्ला अदालतमा मुद्दा दर्ता गराएकोमा अदालतले सिंघानिया हत्याकाण्डका अभियुक्तहरू निलम्बित सभासद् पूर्व राज्यमन्त्री सञ्जयकुमार साहसहित तीनजनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ भने अन्य तीनजनालाई धरौटीमा साधारण तारेखमा रिहा गर्न आदेश दिएको छ । अदालतको इजलास नं. ५ का न्यायधीश डा.राजेन्द्रकुमार आचार्यको एकल इजलासले सिंघानिया हत्याको मुख्य योजनाकार रहेको अभियोग लागेका निलम्बित सांसद साहलाई पुर्पपक्षका लागि थुनामा राख्न आदेश दिएको हो । निलम्बित सांसद साह जनकपुरको रामानन्द चौक बमकाण्ड अभियोगमा पूर्पक्षका लागि सिरहा कारागारमा थुनामा रहँदै आएका छन् । त्यस्तै सिंघानिया हत्याको सुटर एवं हतियार व्यवस्थापनको अभियोग लागेका जनतान्त्रिक टाइगर जनशक्ति पार्टीका अध्यक्ष धर्ती सिंह भनिने चन्द्रदीप र सोही

घटनामा संलग्न रहेको अभियोगमा एकलाल सहनीलाईसमेत थुनामा राख्न आदालतले आदेश दिएको छ । यस्तै सिंघानिया हत्या घटनामा संलग्न भनिएका मुकेश चौधरीलाई धरौटीमा रिहा गर्न आदालतले आदेश दिएको छ । चौधरी वि.स. २०६९ वैशाख १८ गते जनकपुरको रामानन्दचोकमा पाँच जनाको ज्यान जाने गरी भएको बमकाण्डको मुख्य अभियुक्तको रूपमा पक्राउ परी थुनामै रहेका छन् । सिंघानिया हत्यापश्चात फरार रही शसस्त्र गतिविधि गर्दै आएका चन्द्रदीप यादव २०७२ चैत १७ गते जनकपुरको वकिल महल्लाबाट पक्राउ परेपछि प्रहरीले अनुसन्धान अगाडि बढाएको थियो । यादव अहिले जलेश्वर कारागारमा छन् । उनीहरूको बयानको आधारमा प्रहरीले २०७२ चैत २४ गते थुनामै रहेका सद्भावना पार्टीका उपाध्यक्षसमेत रहेको सञ्जय साह नै सिंघानिया हत्याकाण्डको मुख्य योजनाकार रहेको भन्दै अदालतमा मुद्दा दायर गरेको छ । सिंघानिया हत्याकाण्डका एक अभियुक्त रामविनोद यादव धनुषा जिल्ला अदालतमा हाजिर भएका छन् । उनले वयानका क्रममा निलम्बित सभासद् सञ्जयकुमार साहबाहेक अन्य आरोपीलाई चिन्न इन्कार गरे । यो प्रकरणमा रामविनोदले 'पैसा तथा सुटर'को व्यवस्था गरेको निष्कर्ष अनुसन्धानमा संलग्न प्रहरीले पेस गरेको छ । कानुन व्यवसायी अधिवक्ता हेम कार्कीका अनुसार 'रामविनोद अदालतमा हाजिर भइसकेपछि सिंघानियाको कर्तव्य ज्यानसम्बन्धी मुद्दामा प्रहरीले औपचारिक बयान लिने वा बोलाएर अनुसन्धान गर्ने च्याप्टर क्लोज भएको छ । सञ्चार उद्यमी सिंघानियाका छोरा राहुलले रामविनोद अदालतमा बयान दिन आएसँगै आफ्नो परिवारमा निराशा छाएको बताएका छन् । उनले भने, रामविनोदले घटनामा संलग्न पर्दापछाडिका पात्रहरूका बारेमा खुलासा गर्लान् भन्ने लागेको थियो तर त्यसो हुन पाएन । यता पछिल्लो समयमा थुनामै रहेका सञ्जय साहलाई अदालतले पुनः पुर्पक्षका लागि थुनाामा राख्ने आदेश दिएको छ । २०७३ मंसिर १५ मा थुनछेक बहस सकिएपछि जिल्ला न्ययाधीश दीपककुमार दाहालको इजलासले २०७३ मंसिर १६ गते थुनामा राखी अनुसन्धान गर्न आदेश दिएको छ । आदेशमा, तत्काल प्राप्त प्रमाणबाट साहको संलग्नता नभएको भन्न सक्ने नदेखिएकाले मुलुकी ऐन ११८ नम्बरको देहाय २ अनुसार पुर्पक्षका लागि थुनामा राख्नु, भनिएको छ ।

अब के गर्ने :

- फरार अभियुक्तको खोजी गरी कनुनी दायरामा ल्याउनुपर्छ ।
- थप प्रभावकारी अनुसन्धान आवश्यक छ ।
- अदालतमा विचाराधिन मुद्दाको पीडितलाई न्यायको महसुस हुने गरी छिटो टुंगो लगाइनुपर्छ ।

# ग) अदालतमा विचाराधिन अवस्थामा सरकारले मुद्दा फिर्ता लिएको

## १) गोपाल गिरी, वीरगञ्ज, पर्सा



विगतमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य र महासंघ पर्साका दुईपटक अध्यक्ष रहिसकेका वीरगञ्जका मेयर रहेका गिरी

राजधानीबाट प्रकाशित हुने नेपालीपत्रसँग भने निरन्तर पत्रकारका रूपमा सम्बद्ध थिए । उनी स्थानीय सार्थक साप्ताहिकका सम्पादक पनि थिए। वीरगञ्ज नगरमै १ माघ २०६० मा गोली हानी उनको हत्या गरिएको थियो ।

तात्कालीन नेकपा माओवादीले गिरीसँग रु पाँचलाख चन्दा मागेका थिए र सोही चन्दा नदिँदा माओवादीबाट गिरीको हत्या गरिएको अनुसन्धानमा खुलेको छ । पर्सा जिल्ला अदालतमा गिरी हत्यासँग सम्बन्धित घटनाका सम्बन्धमा रौतहट जिल्ला चन्द्रनिगाहपुर गाविस वडा न. ५ घर भई वीरगञ्ज न पा वडा न. १२ बस्ने त्रिभुवन गिरी वादी र जिल्ला पर्सा चोर्नी गाविस वडा न. ९ बस्ने रामप्रसाद तिवारी, पर्सा ठोरी गाविस वडा न. ८ बस्ने पशुपति आचार्य, स्याङ्जा बाह्रकोट गाविस वडा न. १ बस्ने दुर्गाबहादुर शाह, नवलपरासी माकर गाविस वडा न. ४ बस्ने ध्रुवराज थारुसमेत प्रतिवादी रहेको मुद्दा थियो । प्रहरीले एकजनालाई हत्यामा संलग्न रहेको आशंकामा पक्राउ गरेर तीन वर्ष थुनामा राखे पनि ०६२/०६३ को जनआन्दोलनपछि गठन भएको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारको समयमा गिरीको हत्यासम्बन्धी मुद्दा नेकपा माओवादीको दबाबमा सत्य निरूपण आयोग गठन भएपछि त्यसले हेर्ने गरी फिर्ता लिइएपछि गिरफ्तार अभियुक्तहरूलाई थुनामुक्त गरिएको थियो । गिरीकी पत्नी शशी र छोरा गिरिशबाट ०७२/३/३२ मा न्यायको माग गर्दै सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता (दर्ता न. १४८४) गरिएको छ ।

**अब के गर्ने :**

- सत्य निरुपण तथा मेलमिलाप आयोगबाट उजुरीउपर प्रभावकारी छानविन गरी अभियुहरुलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउनुपर्छ ।

## २) घटनाको अनुसन्धान छानविन आयोगको दायरामा :

सरकारले पत्रकार/सञ्चारकर्मीहरूका अन्य केही घटनामा छानविन समिति र आयोग गठन गरेको पाइएको छ । यसरी गठन भएका कुनै पनि आयोग र समितिका प्रतिवेदन सार्वजनिक गरिएका छैनन् । आयोग वा समिति गठनको अन्तर्य विश्लेषण गर्दै गएका खण्डमा घटनापछि सिर्जित बाह्य आक्रोशजन्य दबाबलाई निस्तेज पार्न मात्र यस्ता आयोग गठन हुने गरेको तर न्याय दिने नियत राखेको देखिदैन ।

### २.१ कृष्णबहादुर सेन 'इच्छुक' घर दाङ/कार्यक्षेत्र काठमाडौं



साहित्यसँगै पत्रकारितामा पनि सक्रिय इच्छुक दाङको भालुवाङका स्थायी बासिन्दा भए पनि उनको कर्मक्षेत्र भने काठमाडौं थियो । उनी जनादेश साप्ताहिक र जनदिशा दैनिकका सम्पादक थिए। यस अगाडि पनि जेलमा रही २०५७ मा जलेश्वर जेलबाट रिहा भएका सेनलाई संकटकालको घोषणापछि २०५९ जेठ ६ गते पुरानो बानेश्वरबाट प्रहरीले पक्राउ गरेको थियो । प्रहरीले हिरासतमा चरम यातना दिएर उनको मृत्यु भएको दाबी

गरिँदै आइएको छ । उनको मृत्यु भए पनि कहिले मृत्यु भएको भन्ने यकिन भएको छैन ।

प्रहरीले चरम यातना दिएपछि सेनको हत्या गरेको आरोप छ, तर राज्य पक्षबाट अनुसन्धानमा रुची देखाइएको छैन । विगतमा सरोकारवालाको दबाबमा गृह मन्त्रालयको सहसचिवको संयोजकत्वमा एक छानविन समिति गठन गरिए पनि समितिको प्रतिवेदन सरकारले औपचारिकरूपमा सार्वजनिक गरेको छैन । यसबारे अदालतमा मुद्दा चल्न सकेको छैन । हाल, पत्नी तक्माद्वारा सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गराइएको छ ।

**अब के गर्ने :**


- गृह मन्त्रालयद्वारा गठित छानविन समितिको प्रतिवेदन सार्वजनिक गरिनुपर्छ ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३) अनुसन्धान पनि नभएका मुद्दा पनि नचलाइएका :

यस अध्ययनमा समेटिएका हत्या गरिएका २३ र बेपत्ता बनाइएका तीन गरी कूल २६ घटनामध्ये दुई तिहाईभन्दा बढी घटनामा हालसम्म प्रहरीको अनुसन्धान नै भएको छैन वा भए पनि टुंगिएको छैन । कानुनी प्रक्रियाअनुसार हत्याका यी सबै घटना सरकारवादी मुद्दाका सन्दर्भ हुन् र जबसम्म यी घटनाका सम्बन्धमा प्रहरी अनुसन्धान पुरा गरी सरकारी वकिल कार्यालयमार्फत अदालतमा मुद्दा दर्ता हुँदैनन् तबसम्म पीडितको परिवारले न्याय पाउने छैनन् ।

## ३. क) राज्य (प्रहरी, सेना, सुरक्षा फौजको संलग्नता

### ३ क १) ईश्वर बुढाथोकी (कञ्चन प्रियदर्शी), सिन्धुपाल्चोक



स्थानीय पिपलडाँडा निवासी ईश्वर विगतमा रासस र सगरमाथा दैनिकका संवाददाताका रूपमा कार्यरत थिए । ईश्वरको संलग्नता विप्लव मासिक, सूर्य मसिक, सिन्धु एक्सप्रेस, सिन्धु सन्देश र दृष्टि साप्ताहिकसँग पनि थियो । मारिनु केही महिनाअघिदेखि भने उनी पत्रकारितामा सक्रिय थिएनन् ।

२०५९ वैशाख १६ गते ससुरालीबाट फर्कँदै गरेको अवस्थामा जलवीरेमा सेनाले लखेटेर गोली हानी उनको हत्या गरिएको थियो भन्ने दाबी छ । घटनाबारे अनुसन्धान भएको छैन । परिवारबाट प्रहरीमा उजुरी दर्ता पनि गरिएको छैन भने परिवारले सत्य निरूपण आयोगमा पनि उजुरी दर्ता गराएको छैन ।

अब के गर्ने :

- सरोकारवालालाले उजुरी दर्ता गरी घटनाको प्रभावकारी अनुसन्धान गर्न दबाब दिनुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ क २) कुमार घिमिरे, सिन्धुली

स्थानीय भूवनेश्वरी मुर्गीबेसीका बासिन्दा कुमार सिन्धुलीबाट प्रकाशित हुने जनसमर र जनप्रभात साप्ताहिकका लागि संवाददाताका रूपमा कार्यरत थिए । संकटकालको अवधीमा २०५९ कात्तिक १६ मा भुवनेश्वरीमा सुरक्षा फौजले गोली हानी उनको हत्या गरेको अभिलेख उपलब्ध छ । रक्षा मन्त्रालयका अनुसार भने उनी दोहोरो भिडन्तमा मारिएका हुन ।परिवारलाई कुमारको शव प्राप्त भएन । प्रहरीमा उजुरी परेको छैन भने प्रहरी स्वयंले पनि अनुसन्धान गरेको छैन । मुद्दाको प्रक्रिया नै सुरु भएको छैन ।

अब के गर्ने :

- उजुरी दर्ता गरी प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान गर्नुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ क ३ ग) देवकुमार आचार्य (डि कौडिन्न्य) झापा



खुदुनावारी निवासी कौडिन्न्य जनदिशा दैनिक र अर्को विकल्प साप्ताहिकसँग आवद्ध पत्रकार थिए । उनी स्थानीय क्याम्पसमा प्राध्यापन पनि गर्दथे । उनलाई २०५९ साउन ७ गते साँझ बुधबारेबाट सेनाले पक्राउ गरेको थियो । पक्राउ परेको २४ घण्टाभित्रै उनी मारिए । भोलिपल्ट साँझ शव बुझेका परिवारजनका अनुसार शव प्राप्त हुँदा कौडिन्न्यको पुरै शरीर रगताम्मे थियो । अनुसन्धान भएको छैन । कुनै पनि तहबाट अनुसन्धान अगाडि बढन नसक्दा अदालती मुद्दाको प्रक्रिया पनि सुरु हुन सकेको छैन ।

अब के गर्ने :

- प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान गर्नुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ क ४ ) राजकुमार केसी, रामेछाप


देउरालीका स्थायी बासिन्दा केसी राससका रामेछापका संवाददाता थिए । केसीलाई २०५९ कात्तिक ७ मा सुरक्षा फौजले घरबाट गिरफ्तार गरी सदरमुकाम लाने निहुँमा गोली हानी हत्या गरेको थियो ।

लामो समयसम्म उजुरी बुझ्न नमानेको जिल्ला प्रहरी कार्यालय रामेछापले निकै ठूलो दबाबपछि उजुरी लिन स्वीकार गरे पनि घटनाको अनुसन्धानमा प्रहरीले खास रुची देखाएको छैन । प्रभावकारी अनुसन्धान हुन नसक्दा औपचारिकरूपमा अदालती मुद्दाको प्रक्रिया सुरु हुन सकेन । राष्ट्रिय मानव अधिकार आयोगले यस घटनाको छानविन गरी गरेको सिफारिस सरकारले कार्यान्वयन् गरेको छैन । हाल केसीका परिवारले स्थानीय शान्ति समितिमार्फत सत्य निरूपण आयोगमा उजुरी गरेका छन् ।

अब के गर्ने :

- दर्ता भएको उजुरीउपर प्रहरीले घटनाको अनुसन्धान प्रक्रियालाई अगाडि बढाउनुपर्छ ।
- मुद्दा चलाइनुपर्छ ।
- राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस सरकारले कार्यान्वयन् गर्नुपर्छ ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ क ५) कमल एसी, तनहुँ



तनहुँका कमल काठमाडौँमा कार्यरत थिए । जनदिशाको उपत्यका संवाददाताका रूपमा कार्यरत कमल संकटकाल घोषणा भएसँगै नुवाकोट गए र त्यहाँ उनी पत्रकारितामा संलग्न भए । नुवाकोटको गिर्खुमा २०५९ असोज १५ गते सुरक्षा फौजले उनी बसेको घरमा घेरा हाली गोली हानी हत्या गरेको बताइन्छ । अनुसन्धान प्रक्रिया अगाडि नबढ्दा मुद्दाको प्रक्रिया पनि सुरु हुन सकेको छैन ।

अब के गर्ने :

- उजुरी दर्ता गरी प्रहरीले घटनाको अनुसन्धान गरी मुद्दा चलाइनुपर्छ ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ क ६) महेश्वर पहारी, कास्की

राष्ट्रिय स्वाभिमान साप्ताहिकसँग आबद्ध पोखराका बासिन्दा पहारीलाई पहिलोपटक २०६० पुस १८ मा प्रहरीले पक्राउ गरी हिरासतमा राखेको थियो । एकपटकमा छ महिनाभन्दा बढी हिरासतमा राख्न नमिल्ने भएकाले पहारीलाई प्रहरीले हिरासतमुक्त गर्दै पुनः पक्राउ गर्ने काम चारपटकसम्म जारी

राख्यो । हिरासतमै पहारीलाई विभिन्न रोगले च्याप्यो । उपचारका क्रममा पहारीको पोखरास्थित अस्पतालमा २०६२ असोज १८ मा मृत्यु भयो ।

हिरासतमा रहँदा दिइएको यातनाकै कारण पहारी अस्वस्थ भएका थिए र यसै कारण उनको निधन भएको दाबी परिवारको छ । यातना र उनको मृत्युबारे हालसम्म कुनै अनुसन्धान हुन सकेको छैन । उनको मृत्युका सम्बन्धमा कहीँ कुनै उजुरी नपर्दा अदालतमा पनि मुद्दाले प्रवेश पाउन सकेको छैन ।

अब के गर्ने :

- यातनाका कारण मृत्यु भएकाले पहारीको परिवारलाई राहत र क्षतिपूर्ती दिलाइनुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ क ७) रोहन चौधरी, जलेश्वर, महोत्तरी




स्थानीय जलेश्वरनाथ एफ.एमका युवा पत्रकार चौधरीको मधेश आन्दोलनका सन्दर्भमा निस्केको पदर्शनको लाइभ रिपोर्टिगंका क्रममा सडकमा कार्यरत रहँदा स्थानीय महेन्द्र चौकमा ९ सेप्टेम्बर २०१५ मा छातीमा प्रहरीको गोली लागी मृत्यु भएको थियो । मृत्युका समयमा शवनजिक उनको एफ.एमको पत्रकार परिचय पत्र, रेकर्डर र मोबाइलसमेत भेटिएको थियो । घटनाको केही दिनपछि नै मृतक चौधरीको परिवार (काका)बाट स्थानीय प्रहरी कार्यालयमा जाहेरी दिइए पनि अनुसन्धानको प्रक्रिया हालसम्म सुरु हुन सकेको छैन । आयोगले परिवारलाई क्षतीपुर्ती वापत  दश लाख रुपैँया उपलब्ध गराइसकेको छ ।

अब के गर्ने :

- मधेश आयोगले बुझाएको प्रतिवेदन सरकारले सार्वजनिक गर्नुपर्दछ ।
- प्रतिवेदनमा सुझाव दिए अनुसार कानूनी प्रक्रिया अगाडि बढाइ पिडितलाई न्याय दिनु पर्छ ।

## ३ क ८) गणेश चौधरी, जलेश्वर, महोत्तरी



पत्रकार रोहन चौधरीका हजुरबुवा गणेश चौधरी पेशाले पत्रकारीता गर्दथे । उनको ११ सेप्टेम्बर २०१५ मा टाउकोमा प्रहरीको गोली लागि हत्या भएको थियो । मधेश आन्दोलनको क्रममा राज्यपक्षबाट उनको गोली हानी हत्या भएको हो । नाती (रोहन चौधरी) को काजकृयाको सामान किन्न जाँदा उनलाई लक्षित गरि गोली हानेको थियो । उनी जनवाणी पत्रिका र राससका अवकास प्राप्त समाचारदाता थिए । यो मुद्धा मधेश आन्दोलनको छानबिन गर्न गठित आयोगमा दर्ता भएको थियो । आयोगले अनुसन्धान सक्काएर सरकारलाई प्रतिवेदन बुझाएतापनि सरकारले

प्रतिवेन सार्वजनिक गरेको छैन । आयोगले परिवारलाई क्षतीपुर्ती वापत  दश लाख रुपैँया उपलब्ध गराइसकेको छ ।

अब के गर्ने :

- मधेश आयोगले बुझाएको प्रतिवेदन सरकारले सार्वजनिक गर्नुपर्दछ ।
- प्रतिवेदनमा सुझाव दिए अनुसार कानूनी प्रक्रिया अगाडि बढाइ पिडितलाई न्याय दिनु पर्छ ।

# ३. ख) तात्कालीन नेकपा माओवादीको संलग्नता

## ३ ख १) खगेन्द्र श्रेष्ठ, धरान

सुनसरी स्थानीय धरान टुडेका प्रकाशक एवं सम्पादक श्रेष्ठमाथि माओवादी लडाकुबाट गोली प्रहार गरिएको थियो । पछि भारत पश्चिम बंगालको सिलीगुडीमा अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भयो । पारिवारका अनुसार २०६१ चैत २ गते माओवादीबाट गोली प्रहार गरिएको श्रेष्ठको मृत्यु चैत १८ गते भएको थियो । घटनापश्चात खगेन्द्रकी पत्नी रेणुले इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिएको तर प्रभावकारी अनुसन्धान भई मुद्दाको औपचारिक प्रक्रिया अगाडि बढन सकेको छैन ।

अब के गर्ने :

- इलाका प्रहरी कार्यालय धरानमा दर्ता गरिएको उजुरीउपर प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान प्रक्रियालाई तीव्र बनाउनुपर्छ ।
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ ख २) अम्बिका तिम्लिसिना, मोरङ




मोरङ पथरीको लामा टोल घर भएका अम्बिका महिमा र जनादेश साप्ताहिक, जनदिशा दैनिक तथा धरानबाट प्रकाशित हुने विजयपुर साप्ताहिकका लगि संवाददाताको काम गर्दथे । तात्कालीन सशस्त्र माओवादीले आफूहरूको सुराकी गरेको आरोपमा २०५९ मंसिर २४ गते अपहरण गरेको थियो भने गोली र खुकुरी प्रहार गरी हत्या गरिएको अवस्थामा मंसिर २५ गते उनको शव भेटिएको थियो । घटनाको छानविन हुन सकेको छैन । अनुसन्धान हुन नसक्दा मुद्दा चलेको छैन ।

अब के गर्ने :

- उजुरी दर्ता गरी प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान प्रक्रियालाई तीव्र बनाउनुपर्छ ।
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३ ख ३) नवराज शर्मा वसन्त, कालिकोट




कदम साप्ताहिकका प्रकाशक र कर्णाली सन्देशका प्रधान सम्पादक रहेका वसन्त राजकोटस्थित बडीमालिका माध्यमिक विद्यालयका शिक्षक पनि थिए । वसन्तको माओवादीले घरबाटै अपहरण गरेका थिए । उपलब्ध अभिलेखअनुसार माओवादीको हितविरुद्ध हुने गरी समाचार प्रकाशित गरेकाले माओवादीले २०५९ वैशाख १९ गते उनको हत्या गरेका थिए । कहिँ कतै कुनै उजुरी दर्ता गरिएको छैन । शान्ति प्रक्रिया विथोलिने नाममा विगतमा प्रहरीले अनुसन्धान प्रक्रिया अगाडि नबढाएको स्थानीय पत्रकारको आरोप छ । स्थानीय प्रहरीले हालसम्म पनि अनुसन्धानमा रुची देखाएको छैन । फलतः अनुसन्धान हुन नसक्दा मुद्दा चल्न सकेको छैन ।

अब के गर्ने :

- उजुरी दर्ता गरी प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान प्रक्रियालाई तीव्र बनाउनुपर्छ ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगमा मुद्दा दर्ता गरी प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।

## ३ ख ४) ज्ञानेन्द्र खडका, सिन्धुपाल्चोक



राससका स्थानीय समाचारदाता रहेका खड्का स्थानीय जनता माविका शिक्षक पनि थिए । पत्रकार खड्कालाई उनले अध्यापन गराउने विद्यालयबाट अपहरण गरी उनकै घरभन्दा केही माथि लगी रुखमा बाँधी घाँटी रेटेर तत्कालीन माओवादी कार्यकर्ताले २०६० साउन २१ मा हत्या गरेका थिए । स्थानीय बासिन्दाका अनुसार पत्रकार भएकै कारण उनको हत्या गरिएको सुनिएको थियो । प्रहरीले यस घटनाको छानविन गरी दोषी पत्ता लगाउन सकेको छैन । परिवारबाट उजुरी नपरेका कारण पनि प्रहरीलाई पन्छिन सहज भएको छ ।

अब के गर्ने :

- उजुरी दर्ता गरी प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान प्रक्रिया अगाडि बढाउनुपर्छ ।
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।
- सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएको उजुरीउपर प्रभावकारी छानविन गरी पीडितलाई न्याय दिलाउनुपर्छ ।

## ३.ग ) अन्य हत्या

### ३ ग १) देवीप्रसाद धिताल, तुलसीपुर, दाङ



रेडियो तुलसीपुरका अध्यक्ष धितालको २०६७ साउन ६ मा हत्या भएको थियो । सञ्चार व्यवसायका अतिरिक्त अन्य व्यवसायमा पनि आबद्ध धितालको अज्ञात समूहले हत्या गरेको थियो। अज्ञात समूहबाट योजनवद्ध ढंगले हत्या भएको प्रहरीको अनुमान छ । परिवारका कसैबाट उजुरी दर्ता नभए पनि घटनाको भोलिपल्टै इलाका प्रहरी कार्यालय तुलसीपुर स्वयंले आफ्नै जानकारीका आधारमा एफआरआई दर्ता गरी अनुसन्धान प्रक्रिया सुरु गरेको थियो । तर अहिले अनुसन्धान प्रक्रिया रोकिएको अवस्थामा छ। धिताल हत्यासम्बन्धी फाइल अहिले बन्द अवस्थामा छ। इप्रका तुलसीपुरका अनुसार धिताल हत्यासम्बन्धी फाइल जिल्ला प्रहरी कार्यालय, अञ्चल प्रहरी कार्यालय र नेपालगञ्जस्थित सिआइबिले मगाएर अध्ययन् गरी फर्काइदिएको छ ।

अब के गर्ने :

- प्रहरीले अनुसन्धानका लागि विशेष कार्यदल नै बनाएर घटनाको प्रभावकारी अनुसन्धान प्रक्रिया थाल्नुपर्दछ ।
- दोषीको खोजी गरी कानुनी दायरामा ल्याइनुपर्छ ।
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।

### ३ ग २) पुष्पकरबहादुर श्रेष्ठ, वीरगञ्ज, पर्सा

वीरगञ्ज निवासी श्रेष्ठ न्यु हाइवे र न्यु सिजनका प्रकाशक थिए। उनको हत्या वीरगञ्जमा २०६४ पुस १८ गते भएको थियो । जनतान्त्रिक तराई मुक्ति मोर्चा, ज्वाला सिंहसम्बद्ध सशस्त्र व्यक्तिले हत्या गरेको प्रहरीको आशका छ । प्रहरीमा उजुरी दर्ता छ । प्रहरीले घटनासम्बन्धमा अनुसन्धान गरिरहेको बताएको छ। अदालतमा मुद्दा चलेको छैन ।

अब के गर्ने :

- प्रहरीले घटनाको प्रभावकारी अनुसन्धान प्रक्रिया अगाडि बढाउनुपर्छ ।
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।

# बेपत्ता पारिएका पत्रकार/सञ्चारकर्मीको कानुनी उपचारको अवस्था

बेपत्ता पारिएका तीनजना पत्रकार/सञ्चारकर्मी धनबहादुर रोका मगर र मिलन नेपालीको विषयमा 'बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगले प्रारम्भिक अनुसन्धान गरेको छ ।

उजुरी दर्तापछि पहिलो चरणमा आयोगको क्षेत्राधिकारमा पार्ने वा नपर्ने र उजुरी वास्तविक हो वा होइन भन्ने विषयमा अनुसन्धान भएको छ । पिडित परिवार संग उजुरीको वास्तविकता बुझ्री आफन्तको वयान लिनेकाम सकिसकेको आयोगको ठहर छ । यस अध्ययनमा बेपत्ताको सूचीमा समेटिएका पाँचजना पत्रकार/सञ्चारकर्मीमध्ये तीनजना प्रकाशसिंह ठकुरी, मदन पौडेल र तेजु खड्का ०६२/०६३ भन्दापछि बेपत्ता पारिएका हुन । उनीहरुको अवस्था पत्ता लगाउन राज्यले ठोस पहल गरेको छैन ।

## १) धनबहादुर रोकाया मगर, रोल्पा/सुर्खेत



रोल्पा निवासी रोकाया सुर्खेतस्थित रेडियो नेपालका पत्रकार थिए र, मगर भाषाको समाचारवाचक थिए । उनी बिदामा सुर्खेतबाट २०५९ असार २७ गते घर जान भनी प्रस्थान गरेका थिए । घरबाट फर्कंदा २०५९ साउन १९ मा रोकायाको माओवादी छापामारले अपहरण गरेका थिए । २०५९ माघ १६ मा उनको हत्या भएको दाबी गरिएको छ । घटनाको छानविन भएको छैन । पत्रकार रोकायाको मृत्युका सम्बनधमा स्वयं सरकारीस्तरबाट पनि कुनै पहल हुन सकेको छैन । हाल यस विषयमा परिवारका तर्फबाट बेपत्ता पारिएका व्यक्तिका छानविन आयोगमा (दर्ता नम्बर २२८०) मा दर्ता भएको छ । आयोगले पीडित परिवारलाई दश लाख क्षतीपुर्ती उपलब्ध गराएको छ ।

**अब के गर्ने :**

- आयोगले अनुसन्धान प्रक्रियालाई तिव्र रूपमा अगाडि बढाउनुपर्छ
- मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।
- शव पत्ता लगाई उत्खनन् गरी पीडित परिवारलाई संस्कारको सांस्कृतिक अधिकार दिलाइनुपर्छ ।

## २) प्रकाश सिंह ठकुरी (३६), महेन्द्रनगर, कञ्चनपुर

आजको समाचार दैनिकका प्रकाशक तथा सम्पादक रहेका ठकुरी अन्तिमपटक महेन्द्रनगरमा देखिएका थिए । २०६४ असार २१ गतेदेखि बेपत्ता छन् । तत्कालीन नेकपा (माओवादी) सम्बद्ध योङ कम्युनिष्ट लिग (वाइसिएल) का छजना कार्यकर्ताले २०६४ असार २१ गते बिहान १० बजे उनलाई आफ्नै डेरा नजिकबाट अपहरण गरेको परिवारको दाबी छ ।

ठकुरीकी श्रीमती जानकीले २०६४ असार २४ गते प्रहरीमा दिएको सातजनाविरुद्धको जाहेरीउपर प्रहरीले प्रारम्भिक अनुसन्धानका क्रममा त्यही दिन ठकुरीका छिमेकी पोमलाल शर्मालाई पक्राउ गऱ्यो । सामान्य सोधपुछपछि शर्मालाई असार २८ मा रिहा गरियो । अनुसन्धानमा खासै रुची नदेखाएको प्रहरीले सरोकारवालाको दबाबमा पुनः अनुसन्धानलाई तीव्र बनायो । यस क्रममा प्रहरीले पोमलालसहित वाइसिएलका जगन्नाथ क्षेत्री र चन्दकान्त भट्टराईलाई पुनः पक्राउ गरी उनीहरूलाई कर्तव्य ज्यान मारेको वारदात लगाई सोही वर्षको मंसिर २४ मा कञ्चनपुर जिल्ला अदालतमा कर्तव्य मुद्दा दर्ता गऱ्यो । प्रहरीले स्पष्ट ठेगाना नखुलेका कारण प्रेम, दिलिप विपिन, निकिल र शिशिरका बारेमा अनुसन्धानपछि अदालतमा पेश गरिने उल्लेख गरेको थियो । पोमलालसहित पक्राउ परेकाहरू मंसिर २५ गते २७ हजार रूपैयाँको धरौटीमा रिहा भए । त्यसवेलाको सरकारले तयार गरेको सरकारवादी मुद्दा फिर्ता लिने सूचीअन्तर्गत २०६५ कात्तिक ११ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णयमार्फत प्रकाशसिंहको मुद्दा पनि फिर्ता गऱ्यो । तर पछि सरोकालवालाहरूको दबाब र सक्रियतामा २०७० भदौ ६ गते पुनः अदालतमा मुद्दा दर्ता गरिएको थियो । हाल यो मुद्दाको पेशी चढिरहेको छैन । एक किसिमले तामेलीमा राखिएको छ । तत्कालीन नेकपा (माओवादी) सँग विस्तृत शान्ति सम्झौताअनुसार राजनीतिक प्रकृतिका घटनाहरूको छानविन गर्न नमिल्ने भन्दै अनुसन्धान निकायहरूले घटनाको अनुसन्धान बन्द गरेका थिए ।

ठकुरी अपहरणमा परेको तीन दिनपछि आफूलाई राष्ट्रिय गणतान्त्रिक आर्मी नेपाल भन्ने समूहले एक इमेलमार्फत "राजतन्त्रको समर्थनमा प्रचारबाजी गरेको" भन्दै आफूले पत्रकार ठकुरीको हत्या गरेको दाबी गरेको थियो । बेपत्ता छानविन आयोगमा उजुरी दर्ता (दर्ता नम्बर १९१२) गरिए पनि आयोगले (च न ४९१) उक्त घटना सशस्त्र द्वन्द्वको अवधीभित्रको नदेखिएको भन्दै तामेलीमा राखेको छ ।

**अब के गर्ने :**

- **सरकारले अविलम्ब स्थिति सार्वजनिक गरी उनको परिवालाई न्याय दिलाउन गम्भीर अनुसन्धान प्रक्रिया अगाडि बढाउनुपर्छ ।**
- **जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले यस सम्बन्धमा थप प्रभावकारी अनुसन्धान प्रक्रिया पुनः सुचारू गर्नुपर्छ ।**
- **न्यायलयमा विचाराधिन मुद्दा टुंगोमा पुर्‍याई पीडित परिवारलाई न्याय प्रदान गरिनुपर्छ ।**

## ३) मिलन नेपाली (३१),

जनदेशका प्रबन्ध सम्पादक र दिशाबोध मासिकका सम्पादक नेपाली अन्तिम पटक काठमाडौँमा देखिएका थिए । २०५६ जेठ ७ गतेका दिन दिउँस करिब २ बजे काठमाडौं सुन्धाराको गोश्वारा हुलाककार्यालय नजिकैबाट गिरफ्तार गरिएका नेपाली सोही दिनदेखि बेपत्ता छन् । प्रहरी पोशाक लगाएका चारजना तथा सादा पोशाकमा रहेका चारजना प्रहरीले उनलाई पुलिस भ्यानमा राखेर लगेका थिए ।

जिल्लाप्रहरी कार्यालय हनुमानढोका तथा प्रहरी प्रधानकार्यालय नक्साल पुगेर उनको परिवारले सोधखोज गर्दा दुवै ठाउँमा उनलाई गिरफ्तार गरिएको कुनै जानकारी नभएको बताइएको थियो । भोलिपल्ट उनको परिवार उनका लागि लुगा र औषधिहरू लिएर प्रहरी प्रधानकार्यालय पुग्दा एक प्रहरी अधिकृतले ती सामान लिएर नेपालीका पुराना लुगाहरू फिर्ता गरेका थिए । २०५६ जेठ २७ गतेका दिन प्रहरी प्रधान कार्यालय नक्सालमा उनकी श्रीमतीले नेपालीलाई देखिकी दाबी गरेकी छिन् । २०५६ असार ६ गते नेपालीका आफन्तले उनीलगायत १५ जना बेपत्ताहरूको अवस्था सार्वजनिक गर्न तत्कालीन प्रतिनिधिसभामा लिखित अपिल पेस गरेका थिए । उनीहरूले सर्वेच्च अदालतमा बन्दी प्रत्यक्षीकरणका लागि रिट पनि दायर गरेका थिए जहाँ उनको गिरफ्तारीका प्रत्यक्षदर्शीले गिरफ्तारीको पुष्टि पनि गरेका थिए । २०५६ असार २८ गतेका दिन सर्वोच्च अदालतले उनलाई गिरफ्तार गरिएको पुष्टि गर्न प्रमाण नपुगेको भन्दै उक्त रिट खारेज गरिदिएको थियो । २०५६ भदौ १ गते फेरि अर्को बन्दी प्रत्यक्षीकरण रिट दायर गरिएको थियो । अदालतले गिरफ्तार व्यक्तिहरूलाई सार्वजनिक गर्न आदेश पनि दिएको थियो । त्यसवखतदेखि हालसम्म नेपाल प्रहरीले नेपालीलाई गिरफ्तार गरिएको कुराको खण्डन गर्दै आएको छ । २०५७ फागुन २४ गते नेपाल सरकार गृह मन्त्रालयले प्रकाशित गरेको माओवादी गतिविधिका सम्बन्धमा गिरफ्तार गरिएका तीन सयजनाको सूचीमा नेपालीको नाम समावेश थिएन । हाल बेपत्ता छानविन आयोगमा उजुरी दर्ता (दर्ता नम्बर २४३०) गरिएको छ ।

**अब के गर्ने :**

- **आयोगले अनुसन्धान प्रक्रियालाई तिव्र रूपमा अगाडि बढाउनुपर्छ ।**
- **मुद्दा चलाउन राज्यमाथि दबाब सिर्जना गरिनुपर्छ ।**
- **शव पत्ता लगाई उत्खनन् गरी पीडित परिवारलाई संस्कारको सांस्कृतिक अधिकार दिलाइनुपर्छ ।**

## ४) मदन पौडेल (२५), ताप्लेजुङ



ताप्लेजुङको फुलवारीमा २०६९ भदौ ३१ गते अन्तिमपटक देखिएका मदन रेडियो तमोरमा कार्यरत थिए । पौडेल ताप्लेजुङ डान्स स्टार नामक एक कार्यक्रममा मिडिया पार्टनरको रुपमा रेडियोमा प्रत्यक्ष कार्यक्रम सञ्चालन गरेपछि वेलुकाबाट बेपत्ता भएका थिए । आठ दिनपछि तमोर नदी किनारमा उनको मोबाइल र पर्स भेटिएको थियो । घटनाको अनुसन्धानका लागि पूर्वाञ्चल क्षेत्रीय प्रहरी कार्यालय र केन्द्रीय अनुसन्धान ब्युरोको संयुक्त कार्यदल गठन गरिए पनि उल्लेखनीय प्रगती हुन सकेन । पौडेल बेपत्ता भएको घटनाको सम्बन्धमा ताप्लेजुङ प्रहरीले दुईजनालाई गिरफ्तार गरे पनि पछि छोडेको थियो ।

अब के गर्ने :

- प्रहरीले यर्थाथ पत्ता लगाउन यथासिघ्र साथ अनुसन्धान गर्नु पर्छ।
- प्रहरीलाई अनुसन्धानकोलागि सरोकारवाला निकायले दवाव सिर्जना गर्न पर्छ।
- परिवारलाई राज्यबाट क्षतिपूर्ति दिइनुपर्छ।

## ५) तेजु खड्का, बाजुरा



पत्रकार तेजु खड्का समाचार संकलनको कममा बाजुरा जिल्लाको बुढिनन्दामा रिपोटिङ गर्न गएको समयमा बेपत्ता भएका थिए । २०७५ भदौ ९ गते बाजुरास्थित सो बिकट हिमाली क्षेत्रमा भएको मेलाबाट घर फर्कने क्रममा बेपत्ता भएका खड्का हालसम्म फेला परेका छैनन् । उनी रोडियो बुढीनन्दमा समाचारदाताको रुपमा कार्यरत थिए । उनको खोजीको लागि सरकारी निकायको लापरबाही देखिएको तथा खोजी र छानबिनको लागि गठन भएको मिसन टोलीको समेत उदासिनता देखिएको छ। उनको परिवारबाट प्रहरी समक्ष उजुरी दिइसकिएको छ ।

अब के गर्ने

- प्रशासनिक निकायले यथाशिघ्र पत्रकार खड्काको खोजी गरी यर्थाथ अवस्था सार्वजनिक गर्नुपर्छ ।
- पीडित परिवारलाई राहतको प्रवन्ध हुनुपर्छ।

यस अध्ययनमा थप अनुसन्धान हुनुपर्ने आवश्यकता बोध गरी बेपत्ता पारिएका पत्रकार भनी दाबी गरिएका व्यक्तिका नाम

१) भीमबहादुर घर्ती
२) आनन्दकुमार थापा
३) बद्री खड्का
४) सुवास मैनाली
५) चिनबहादुर बुढा
६) बबुर खरेल
७) सन्तोशकुमार गुप्ता
८) चन्दन नेपाली
९) विनोदसाजन चौधरी
१०) नगेन्द्र पोखरेल
११) मोहन खनाल,
१२) पद्मराज देवकोटा,

# आजको उन्नत सभ्यता : स्वतन्त्र अभिव्यक्ति र सुरक्षित पत्रकारिता

## दण्डहीनता अन्त्यका लागि रणनीति बनाऊ

- वाक, प्रकाशन तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको आक्रमण दण्डनीय अपराध हो
- अभिव्यक्ति स्वतन्त्रतामाथि हुने सबै प्रकारको हिंसा बन्द गर
- सबै प्रकारको हिंसालाई प्रति सरकारलाई उत्तरदायी बनाऔं
- अभिव्यक्ति स्वतन्त्रतामाथिको अधिकार कुण्ठित गर्ने सबै प्रकारको अपराधकर्मलाई दण्डित गर
- स्वतन्त्र अभिव्यक्तिको सुरक्षा, नागरिक स्वतन्त्रताको रक्षा

## पत्रकार विरुद्ध हुने सबै किसिमका अपराध अन्त्य गर

- पत्रकारमाथि हुने सबै प्रकारका हिंसा बन्द गर
- महिला पत्रकारलाई सम्मान देउ । महिलाको स्वतन्त्र आवाजलाई रोक, छेक गर्नु दण्डनीय अपराध हो
- हिंसा पीडित पत्रकार प्रति संवेदनशील होऊ
- पत्रकार विरुद्ध हिंसा गर्ने अपराधीलाई उन्मुक्ति नदेऊ
- पत्रकार विरुद्ध हिंसा रोक्न स्वतन्त्र कार्यदल बनाऊ
- हिंसा पीडित पत्रकार र तिनका परिवारलाई न्यायिक, आर्थिक तथा मानसिक उपचारको ग्यारेन्टी गर

## पत्रकारका विरुद्धका अपराधमा संलग्नलाई कानुनी कारबाही गर

- अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न पत्रकारहरुलाई सुरक्षाको ग्यारेन्टी गर
- पत्रकारिता पेशालाई असुरक्षित बनाउने सबै प्रकारका कृत्यहरुलाई दण्डको भागीदार बनाऊ
- पत्रकार विरुद्ध हिंसा गर्नेले सजाय पाउनै पर्छ

- पत्रकारको सुरक्षाको पहिलो आधार, अपराध नियण्त्रणमा प्रो–एक्टिभ सरकार
- अभिव्यक्ति स्वतन्त्रताको आधार, पत्रकारलाई सुरक्षा दिन सक्षम सरकार

## पत्रकार सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रको कार्यान्वयन गर

- अभिव्यक्ति स्वतन्त्रता रक्षा गर्न स्वतन्त्र संयन्त्र बनाऊ
- सुरक्षा निकायको सबलता, पत्रकार सुरक्षामा अव्वलता
- सुरक्षित पत्रकारिता, प्रजातन्त्रको सफलता
- आजको उन्नत सभ्यता : स्वतन्त्र अभिव्यक्ति र सुरक्षित पत्रकारिताको रक्षा



**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
फोनः ४१०२०३०/४१०२०२२
इमेलः info@freedomforum.org.np
www.freedomforum.org.np